भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

# समाचार पत्र – नोभेम्बर २०२४

## भेटवार्ता र भ्रमण



### भारतीय सेना प्रमुखको नेपाल भ्रमण

नेपाली सेनाको मानार्थ महारथी दर्जा प्रदान गर्ने विशिष्ट परम्परालाई सम्मान गर्न नेपाली सेनाका प्रधान सेनापति महारथी अशोक राज सिग्देलको निमन्त्रणामा भारतीय सेना प्रमुख जनरल उपेन्द्र द्विवेदी, पीभीएसएम, एभीएसएम नेपालको पाँच दिने भ्रमणका लागि मिति २०८१ मंसीर ५ गते काठमाडौं आइपुग्नु भयो ।

थप जानकारी




### सशस्त्र प्रहरी बल, नेपालका प्रहरी महानिरीक्षक तथा भारतको सशस्त्र सीमा बलका महानिर्देशकबीच आठौं भारत–नेपाल समन्वय बैठक

भारत सरकार सशस्त्र सीमा बलका महानिर्देशक तथा नेपाल सरकार सशस्त्र प्रहरी बलका प्रहरी महानिरीक्षकबीच आठौं भारत–नेपाल समन्वय बैठक मिति २०८१ मंसीर १ गते बस्यो ।

थप जानकारी



### नेपालका ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रीको भारत भ्रमण

नयाँ दिल्लीमा आयोजित सातौं अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आईएसए) सम्मेलनमा सहभागीता जनाउन माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री श्री दिपक खड्काले मिति २०८१ कार्तिक १८–२१ गतेसम्म भारतको भ्रमण गर्नुभयो ।

November 2024 © Embassy of India, Kathmandu




## भारतीय ग्रिड प्रयोग गरी नेपालबाट बंगलादेश निर्यात गरिने ४० मेगावाट विद्युतको संयुक्त उद्घाटन

क्षेत्रीय अन्तरदेशीय कनेक्टिभिटीलाई बढावा दिन भारत सरकारका विद्युत मन्त्री श्री मनोहर लालसँगै बंगलादेशका ऊर्जा सल्लाहकार मोहम्मद फौजुल कबीर खान तथा नेपालका ऊर्जा मन्त्री श्री दिपक खड्काले मिति २०८१ कार्तिक ३० गते एक भर्चुअल कार्यक्रममार्फत नेपालबाट बंगलादेश निर्यात गरिने ४० मेगावाट विद्युतको संयुक्त रुपमा उद्घाटन गर्नुभयो ।



## २६ नेपाली कूटनीतिज्ञ तथा अधिकारीको भारत भ्रमण

नयाँ दिल्लीस्थित विदेश मन्त्रालयको सुषमा स्वराज विदेश सेवा संस्थानमा नेपाली कूटनीतिज्ञ तथा अधिकारीका लागि आयोजना गरिएको पहिलो विशेष प्रशिक्षण कार्यक्रममा सहभागी हुन नेपाल सरकारका १० प्रमुख मन्त्रालय र विभागका २६ जना नेपाली कूटनीतिज्ञ तथा अधिकारीको समूहले मिति २०८१ मंसीर ५ देखि १५ गतेसम्म भारतको भ्रमण गर्‍यो ।

थप जानकारी

# वाणिज्य तथा अर्थतन्त्र



## ११ औं इलेक्ट्रोटेक २०२४ मा इन्डिया पावर शो पेभिलियनको उद्घाटन

काठमाडौंस्थित भारतीय राजदूतावासका नियोग उप–प्रमुख श्री प्रसन्न श्रीवास्तव तथा नेपाल उद्योग परिसंघका अध्यक्ष श्री राजेश कुमार अग्रवालले मिति २०८१ कार्तिक २९ गते काठमाडौंको भृकुटी मण्डपमा ११ औं इलेक्ट्रोटेक २०२४ मा इन्डिया पावर शो पेभिलियनको उद्घाटन गर्नुभयो ।

थप जानकारी

# डायस्पोरा सहभागीता




## प्रवासी भारतीय दिवस २०२५ वेबसाइटको शुभारम्भ

१८ औं प्रवासी भारतीय दिवस सम्मेलनको वेबसाइट (उदमष्लमष्ब।नयख।ष्ल) को विदेशमन्त्री डा. एस जयशंकर तथा ओडिशाका मुख्यमन्त्री श्री मोहन चरण माझीले मिति २०८१ कार्तिक २७ गते संयुक्त रुपमा शुभारम्भ गर्नुभयो ।

थप जानकारी

# संस्कृति



## ओडिशाको कटकमा बाली यात्रा महोत्सव

ओडिशा सरकारद्वारा कटकमा आयोजित बाली यात्रा महोत्सवमा सुशीला आर्ट्स एकेडेमी, नेपालका सात नेपाली कलाकारहरुको समूहले सहभागीता जनायो।

थप जानकारी




## नेपाल भारत पुस्तकालयमा कला सम्वाद

भारतीय राजदूतावास, काठमाडौंस्थित स्वामी विवेकानन्द साँस्कृतिक केन्द्रले मिति २०८१ मंसीर १३ गते प्रख्यात नेपाली भायोलिनवादक श्री यात्रीराज अधिकारीले दिनुभएको व्याख्यानसहितको प्रस्तुति र मनमोहक भायोलिन प्रस्तुतिको आयोजना गर्‍यो ।

थप जानकारी

# अतुलनीय भारत–भारतका मेला तथा चाडपर्वहरु



## पुष्कर र यसको ऊँट मेला

स्थानीय रुपमा पुष्कर मेलाको नामले चिनिने पुष्कर ऊँट मेला हरेक वर्ष अक्टोबर र नोभेम्बर महिनाको बीचमा पुष्कर सहरमा आयोजना हुने गर्दछ जसमा हप्ताभरी ऊँट र पशुको मेला लाग्दछ ।

थप जानकारी




## सुरजकुण्ड अन्तर्राष्ट्रिय शिल्प मेला, फरीदाबाद

सुरजकुण्ड अन्तर्राष्ट्रिय शिल्प मेला प्रत्येक वर्ष भारतको हरियाणाको फरीदाबादको सुरजकुण्डमा आयोजना गरिन्छ । मेलाको आगामी ३८ औं संस्करण मिति २०८१ माघ २५ गतेदेखि फाल्गुण ११ गतेसम्म आयोजना गरिनेछ ।

थप जानकारी



## हर्नबिल महोत्सव, नागाल्यान्ड


भारतको राज्य नागाल्यान्डमा डिसेम्बरमा मनाइने हर्नबिल महोत्सव एक वार्षिक महोत्सव हो । यस महोत्सवमा नागाल्यान्डका सबै जातीय समूहहरु सहभागी हुन्छन् । यस महोत्सवको उद्देश्य नागाल्यान्डको समृद्ध संस्कृतिलाई ब्युताउनुका साथै संरक्षण गर्नु हो ।

थप जानकारी

**November 2024 © Embassy of India, Kathmandu**

## चाँडै आउँदैछ...

## उत्तर प्रदेशको प्रयागराजमा महाकुम्भ मेला २०२५




थप जानकारी

## चाँडै आउँदैछ...

# १८ औं प्रवासी भारतीय दिवस सम्मेलन
# मिति २०८१ पौष २४–२६, भुवनेश्वर, ओडिशा




९ जनवरीलाई महात्मा गान्धी सन् १९१५ मा दक्षिण अफ्रिकाबाट भारत फर्केको दिनको रुपमा स्मरण गरिन्छ। यस दिनलाई मनाउन हेतु सन् २००३ बाट प्रवासी भारतीय दिवस मनाउन सुरु गरियो। भारतको विकासमा विदेश बस्ने भारतीय समुदायको योगदानको कदर गर्न सन् २००३ जनवरी ९ मा पहिलो प्रवासी भारतीय दिवस सम्मेलनको आयोजना गरियो।

सन् २०१५ यता, संशोधित ढाँचा अन्तर्गत, प्रवासी भारतीय दिवस सम्मेलन प्रत्येक दुई वर्षमा एक पटक आयोजना गरिएको छ।

१८ औं प्रवासी भारतीय दिवस सम्मेलन ओडिशाको भुवनेश्वरमा मिति २०८१ पौष २४–२६ गतेसम्म आयोजना गरिनेछ। १८ औं प्रवासी भारतीय दिवस सम्मेलनको विषय वस्तु "विकसित भारतमा डायस्पोराको योगदान" रहेको छ।

दर्ता गर्नका लागि: https://pbdindia.gov.in/registration

थप जानकारी

November 2024 © Embassy of India, Kathmandu

# सहभागी भइदिनु भएकोमा र पाँचौं भारत को जानिए क्विजलाई सफल बनाइदिनु भएकोमा धन्यवाद !





**November 2024 © Embassy of India, Kathmandu**